# सुनापति गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

**हिलेदेवी,रामेछाप**
**३ नं. प्रदेश, नेपाल**

प्रथम पटक प्रकाशित मिति २०७५/०६/१२

## आन्तरिक आयतर्फको शिलबन्दी दरभाउपत्र आब्हान सम्बन्धी
## ढुंगा गिटी बालुवा उत्खनन तथा विकी वितरण सम्बन्धी दरभाउपत्र आहवानको सूचना

स्थानीय निकाय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (६) मा व्यवस्था भए अनुसार देहाय बमोजिम आन्तरिक आय संकलनको (ठेक्का वन्दोवस्त) कार्य स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र गाउँ कार्यपालिकाको निर्णय अनुसार उल्लेखित न्यूनतम ठेक अंङ्कमा नघटने गरी आ.व. ०७५/०७६(आषाढ मसान्त सम्म) को लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुँदा इच्छुक दर्तावाला फर्म वा संस्था वा कम्पनी (अनिवार्य रुपमा मू.अ.कर र पानमा दर्ता भएका) हरुबाट शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र तपसिलमा उल्लेखित अनुसार कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले दरभाउपत्र खरिद गरी शिलबन्दि दरभाउपत्र यस कार्यालयमा दर्ता गर्न हुन अनुरोध छ ।

**तपशिल**

१) ढुंगा,गिटि बालुवाको लागि

| ठेक्का नं. | ठेक्काको क्षेत्र | न्युनतम बोल कवोल रकम (भ्याट बाहेकको रकम) | उत्खनन प्रति क्यु. फिट | निकासी प्रति क्यु. फिट | संकलन र विकी गर्न पाउने अधिकतम परिमाण |
|---|---|---|---|---|---|
| १/७५/०७६ | सुनकोशी नदी बगर क्षेत्रबाट | ६,००,०००/ | रु.३ | रु.६ | ६६५० घन मिटर |
| २/७५/०७६ | खानीखोला बगर क्षेत्रबाट | ३,००,०००/ | रु.३ | रु.६ | ३३० घन मिटर |
| ३/७५/०७६ | चौरी खोला बगर क्षेत्रबाट | ७,००,०००/ | रु.३ | रु.६ | ६५२५ घन मिटर |

शर्तहरु

१) ईच्छुक दरभाउपत्रदाताहरुले रकम रु. १००० (एक हजार मात्र दस्तुर) फिर्ता नहुने गरी सुनापति गाउँपालिकाको कार्यालयमा नगद बुझाएको नगदी रसिद,आ.व. ०७४/०७५ मा फर्म कम्पनी संस्थाको नविकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बरको प्रमाण पत्र ,कर चुक्ता प्रमाण पत्र र मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपी सहित यो सूचना प्रकाशन भएको मितिले ३० औ दिन सम्ममा छुटा, छुट्टै शिलवन्दि सहित वोलपत्र भरी कार्यालय समय भित्र पेश गर्नु पर्नेछ ।

२)खरिद भएको दरभाउपत्रहरुको प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी खाम बाहिर दरभाउपत्रदाताको नाम,ठेगाना,र ठेक्काको नाम लेखी खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट ३१ औ दिनको ठिक १२ बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।

३) कार्यालयबाट प्रमाणित नभएको दरभाउपत्र फारामहरुलाई मान्यता दिइने छैन ।

४)धरौटी वापत कवोल अंकको ३ तीन प्रतिशत रकम यस कार्यालयको रा.वा.वैक मन्थली शाखा स्थित धरौटि खाता नं. १६८०३०३००७१०४ (ग ३ १) मा नगद जम्मा गरेको सक्कल भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मिति वाट १२० दिन सम्म म्याद भएको वैक जमानत (बैंक ग्यारेन्टी) वोलपत्र साथ संलग्न गरि पेश गर्नु पर्ने छ । उक्त धरौटी रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त धरौटि रकम प्रचलित ऐन नियम अनुसार फिर्ता गरिने छ ।

५) दरभाउपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको दिनमा क्रमश: गरिने छ । रितपूर्वक पेश भएका टेण्डर दर्ता गर्ने समय सकिए लगत्तै सोही दिन दिनको २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि एवं दरभाउपत्रदाताहरुको रोहवरमा सुनापति गाउँ कार्यपालिकाको कार्यालय,हिलेदेवी रामेछापमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि टेण्डर खोल्न सकिने छ ।

६) दरभाउपत्र दाखिला गदा फर्म,संस्था वा कम्पनी को व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बरको प्रमाण-पत्र, आ.व. ०७४।०७५को कर चुक्ता प्रमाण-पत्र र मू.अ. कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि र खरिद कारवाहीमा भाग लिन योग्य भएको तथा सो सम्बन्धमा कुनै कारवाहीमा नपरेको व्यहोराको स्वःघोषणा-पत्रको सक्कल प्रति समेत बालपत्र साथ पेश गर्नु पर्ने छ ।

७) दरभाउपत्र फारामहरुमा अंक र अक्षर केरमेट नगरी स्पष्ट सँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकालाई मान्यता दिइने छ । म्याद नाघी वा रीत नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

८) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९) कूल ठेक अंक सम्झौता गर्नुअगावै नगद दाखिला गर्नु पर्ने छ । एकमुष्ठ रकम नवुझाएमा नेपाल राष्ट्र वैकवाट मान्यता प्राप्त वाणिज्य बैकले यस कार्यालयको नाउमा जारी गरेको ०७६ साल आषाढ मसान्तसम्म म्याद भएको बैंक ग्यारेण्टी(बैंक जमानत) ठेक्का सम्झौता गर्दा पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरि चलान पूर्जि दिईनेछ ।

(१०) दरभाउपत्र स्वीकृत भएपछि बाटोको म्याद वाहेक सूचना प्राप्त भएको वा घर दैलोमा सूचना टाँस भएको मितिले १५ (पन्ध्र) दिन भित्र ठेक्का पट्टा वा चलानी पूर्जी लिन आउनु पर्ने छ । नआएमा वा दाखिला गर्नु पर्ने रकम दाखिला नगरेमा तोकिए वमोजिमको परफरमेन्सवण्ड र अन्य आवश्यक पर्ने कागजातहरु पेश गर्न नसकेमा धरौटी रकम जफत गरिने छ ।

(११) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाइने छैन ।

(१२) कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।

(१३) ढुङ्गा, बालुवा गिट्टी झिक्नु पर्ने स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नु पर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नु पर्ने छ । ढुङ्गा, बालुवा, गिट्टी लिन कुनै व्यक्ति वा निकायका निजि जग्गा वा वन क्षेत्र भएर जानु पर्ने भएमा सम्बन्धित व्यक्ति वा निकायको स्वीकृत लिएर गर्नु परेमा स्वयं ठेकेदारले लिनु पर्ने छ ।

(१४)ढुङ्गा, बालुवा, गिट्टी स्वीकृत IEE प्रतिवेदनमा उल्लेखित सुझाब अनुरुप मात्र निकाल्नु पर्ने छ।

(१५)घाटको सिमाना, IEE प्रतिवेदनका सुझाव, दररेट एवं अन्य ठेक्का सम्बन्धी केही बुझ्नु परेमा कार्यालय समयमा कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ ।

(१६) पुल, कल्भर्ट, कज्वे, सडक बाटो कुलो तथा सार्वजनिक निर्माण स्थलबाट तल माथि ५००मी. भित्र ढुङ्गा, बालुवा, गिट्टी आदि निकाल्न पाइने छैन ।

(१७)नदी खोलाको घाट वा आकृती विग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेका ढुङ्गा तोडन वा फोडन पाइने छैन । साथै ढुङ्गा, गिट्टी, बालुवा झिक्न मेसिनरी औजारको पूर्णरुपले बन्देज लगाईएको छ ।( यस सम्बन्धमा कुनै विवाद आएमा गाउँपालिकाको निर्णय वमोजिम हुने छ )

(१८)नेपाल सरकार,जिल्ला अनुगमन समिति तथा यस कार्यालयले ठेक्का संचालन सम्बन्धमा समय समयमा दिईएका नीति निर्देशनहरु ठेकेदारले पूर्ण रुपमा पालना गर्नु पर्ने छ ।

(१९)भिजेको चिसो बालुवाबाट पानी बगी बाटो बिगार्ने भएकाले चिसो बालुवा ढुवानीमा पूर्ण रोक लगाईएको छ । सुख्खा बालुवा छोपेर मात्र ढुवानी गर्न प्रबन्ध मिलाउनु पर्ने छ । खोलावाट उत्खनन गरिएका ढुङ्गा,वालुवा,गिट्टि घाट गद्धि गरे पश्चातमात्र विक्रि वितरणको प्रबन्ध मिलाउनु पर्ने छ ।

(२१)घाट क्षेत्रमा फोहर मैलाको उचित व्यवस्थापन गर्नु पर्ने छ ।

(२२)बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य तालिका पेश गर्नु पर्ने छ ।

(२३) कामदारहरुका लागि प्राथमिक उपचार, माक्स, हेल्मेट आदिको व्यवस्थापन साथै कामदारको आवश्यक बीमा गराउने कार्य स्वयं संस्था/फर्म/कम्पनीले नै गर्नु पर्ने छ ।

(२४) गत विगत वर्षहरुमा सुनापति गाउँकार्यपालिका लाई बुझाउनु पर्ने ठेक्का रकम नबुझाउने व्यक्ति तथा फर्महरुले रकम बझाएपछि मात्र ठेक्कामा भाग लिन पाउने छ ।

(२५) वोललपत्रमा संलग्न विवरण अनुसार नबढने गरी ढुंगा, गिटी, बालुवा निकाल्नु पर्ने छ ।नेपालसरकाले रोक लगाएको अवधिमा नदिवाट संकलन गर्न पाईने छैन ।

(२६) स्वीकृत IEEको प्रतिवेदनमा उल्लेख भएका प्रावधानलाई समेत आधारमानी उल्लेखित रकममा नघटने गरी संकलन र बिक्री गर्नु पर्ने छ ।

(२७) यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा सुनापति गाउँकार्यपालीकाको कार्यालय, रामेछाप कार्यालय समय भित्र सर्म्पक राख्न सकिने छ ।

**आय ठेक्का सम्बन्धी थप अन्य शर्तहरु :**

(१) वुदा नं. ९ मा उल्लेखित अनुसार ठेक बोलकबोल स्वीकत रकम निम्न अनुसार तोकिएको समय सिमा भित्र तोकिएको किस्ता रकम वुझाउनु पर्ने छ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नवुझाएमा वैकवाट यस कार्यालयको नाउमा जारी गरि सम्झौतामा पेश गरिएको कार्य सम्पादन जमानतवाट सम्झौता अनुसारको ठेक्का रकम असुल गरिने छ । सो असुल उपरमा ठेकेदारले कुनै किसिमको हर्जाना दावि गर्न पाउने छैन ।

तपसिल :

| किस्ता | किस्ता वुझाउनु पर्ने मिति | रकम | कैफियत |
|---|---|---|---|
| पहिलो | ठेक्का सम्झौताको बखत | कबोल अंकको ४० प्रतिशत | |
| दोश्रो | २०७५ माघ मसान्त भित्र | कबोल अंकको ३० प्रतिशत | |
| तेश्रो | २०७६ को जेठ मसान्त भित्र | कबोल अंकको ३० प्रतिशत | |

२) ठेकेदारले वन जंगल हानी नोक्सानी हुन नदिने गरी ढुंगा, गिटी, बालुवा झिक्ने प्रबन्ध मिलाउन पर्ने छ ।
३) ठेकेदारले जंगली जनावर तथा पशुपंक्षीहरुलाई तर्साउने, जाल थाप्ने तथा चोरी शिकारी हुन नदिने गरी ढुंगा, गिटी, बालुवा, झिक्नेप्रबन्ध मिलाउनु पर्नेछ ।
४) ठेकेदारले नदीको प्राकृतिक बहाव नखल्बलिने गरी ढुंगा, गिटी, बालुवा झिक्ने प्रबन्ध मिलाउनु पर्ने छ ।
५) ठेकेदारले व्यक्ति तथा समुदायबाट निर्माण गरिएका भौतिक संरचनाहरुको हानी नोक्सान हुन नदिने गरी ढुंगा, गिटी, बालुवा झिक्ने प्रबन्ध मिलाउनु पर्ने छ ।
६) ठेकेदारले ढुंगा, गिटी, बालुवा झिक्दा कामदारको रुपमा भरसक स्थानीय समुदायलाई रोजगारी दिने गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने छ । ठुला मेशिन प्रयोग गर्न पाईने छैन ।
७) ठेकेदारले जलचर तथा माछाहरुलाई प्रतिकूल प्रभाव नपर्ने गरी ढुंगा, गिटी, बालुवा झिक्ने प्रबन्ध मिलाउनु पर्ने छ ।
८) नदीको किनाराबाट भू-क्षय हुने गरी डिल, भिर, भित्तो खन खोरस गरी ढुंगा, गिटी बालुवा झिक्न पाइने छैन ।
९) गाडीमा प्रयोग हुने इन्धन तथा लुब्रिकेटश खोलामा मिसाउन पाउने छैन ।
१०) ठेकेदारले स्थानीय मागको आपूर्तिलाई प्राथमिकता दिनु पर्ने छ ।
क(११) ठेकेदारले कार्यालयले तोकेका प्राविधिकको निर्देशनमा ढुंगा, गिटी, बालुवा झिक्नु पर्ने छ ।
१२) ठेकेदारले सामाजिक मूल्य मान्यतामा नकारात्मक असर पर्ने कुनै क्रियाकलाप गर्न पाउने छैन ।
१३) आयकर १.५ र मू.अ. कर १३ % ले हुने रकम किस्ता बुझाउँदा दामाशाहीले यस कार्यालयमा नै ठेकेदारले बुझाउनु पर्ने वा सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा कर रकम समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने छ ।
१४) ठेकेदारले नेपाल सरकारको प्रचलित ऐन, नियम, नीति, निर्देशनको पूर्णरुपमा पालना गरी ढुंगा, गिटी, बालुवा, झिक्नु पर्ने छ ।
१५) सम्झौता अनुसार ठेकेदारले उठाउने कर शुल्क कार्यालय द्धारा तोकिएको दररेट सहितको साईन वोर्ड सवैले देख्ने गरि सम्बन्धीत केन्दमा नै राख्नु पर्ने छ ।
१६) सम्झौता अनुसार तोकेको कर उठाउदाँ प्रयोग गर्ने संकलन तथा विक्रि तर्फका रसिदहरु ठेकेदारले स्वय छुटा,छुटैछपाई उक्त रसिदहरु यस कार्यालय राजस्व उपशाखा वाट प्रमाणित गराई प्रयोग गर्नु पर्ने छ । प्रमाणित नभएको रसिदवाट कर उठाईएको पाईएमा नियम अनुसार कारवाही हुने छ ।पुन : रसिद प्रयोगको लागि प्रयोग भएको अर्धकट्टि रसिद हरु यसकार्यालयमा पेश गर्नु पर्ने छ ।
१७) कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।
१८) मध्य पहाडी लोकमार्ग सडक आयोजनाले छुट्टै IEE गरी उत्खनन गरीरहेको क्षेत्रवाट ढुङ्गा ,गिट्टि, वालुवा संकलन तथा विक्रिको लागि दावि गर्न पाईने छैन ।
१९) प्रचलित ऐन ,नियम ,कानून र सम्झौता र सूचनाको शर्तविपरित कार्य गरेमा जनुसुकै अवस्थमा कार्यालयले ठेक्का तोडन सक्नेछ र त्यसवाट कार्यालयलाई कुनै हानी नोक्सानी भएमा ठेक्का लिने पक्षवाट सरकारी वाकी सरह असुल उपर गरिने छ ।
२०) यस गाउँपालिकाले अनुगमन गर्दा कानुन र मापदण्ड बमोजिम नपाइएमा प्रचलित कानुन बमोजिम हुनेछ ।
२१)ठेक्का सम्बन्धमा कुनै किसीमको विवादको स्थिति सिर्जना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ र सो मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।
२२)ठेक्का अवधिभर ठेक्का तोडन पाइने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम मा १० प्रतिशत व्याज जोडी असुल उपर गरिनेछ । बन्द,हडताल तथा असामान्य परिस्थिति आईपरेमा नेपाल सरकारको नितिगत निर्णयका आधारमा मात्र गाउँपालिकाले निर्णय गर्नेछ ।
२३) अन्य कुराहरुको हकमा प्रचलित ऐन, नियम अनुसार हुने छ ।